नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ९२ २०७७ साल कात्तिक २० गते बिहीबार (5 Nov. 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : चतराको सप्तकोशी पुलः ... ३ पृष्ठमा : कारागारमा कखरा ... ३ पृष्ठमा : अमेरिकामा ट्रम्पविरुद्ध ...

# अस्पतालका कर्मचारीको कोरोना संक्रमणबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका एक कर्मचारीको बुधबार बिहान कोरोना संक्रमणबाट मृत्यु भएको छ । योसँगै जिल्लामा हालसम्म २९ जना संक्रमितको मृत्यु भएको छ ।

सो अस्पतालमा फर्मासिस्ट पदमा कार्यरत राजविराज नगरपालिका वडा नं. २ निवासी २८ वर्षिय ती कर्मचारीको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

उनी राजविराजस्थित साईकृष्ण मेडिकल कलेज आइसोलेसन केन्द्रमा कात्तिक १५ गते कोरोना संक्रमणको पुष्टि भएपछि उपचारका लागि भर्ना भएका थिए ।

बुधबार बिहान चिया, नास्ता खाएर सामान्य अवस्थानमा रहेका उनको अचानक मृत्यु भएको गजेन्द्र नारायण सिंह अस्पतालका निमित मेडिकल सुपरिटेन्डेन्ड डा. रन्जितकुमार झाले जानकारी दिए ।

डा. झाका अनुसार उनमा कुनै रोग थिएन् । राजविराजस्थित आइसोलेनमा हालसम्म भर्ना भएकामध्येबाट पहिलो मृत्यु भएको निमित्त मेसु झाले बताए ।

यसैगरि सप्तरीको अग्निसाइर कृष्णासावरण गाउँपालिका वडा नं. ५ का ६२ वर्षीय पुरुषको विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको छ ।

गाउँपालिकाका स्वास्थ्य संयोजक राजेश यादवले आफूलाई मृत्यु सम्बन्धी जानकारी ढिलो प्राप्त भएको बताए । उनका अनुसार ती व्यक्तिमा ज्वरो आएपछि उपचारका लागि कात्तिक ८ गते नोबेल मेडिकल कलेज लगिएकोमा सोही दिन उनको स्वाब परिक्षण गर्दा १२ गते रिपोर्ट पोजेटिभ आएको थियो । उपचारकै क्रममा कात्तिक १३ गते उनको मृत्यु भएको हो ।

यता सप्तरीमा १ हजार ६ सय ३१ जना कोरोना संक्रमित भएका छन् भने संक्रमितमध्ये १ हजार ४ सय संक्रमणमुक्त भई घर फर्किएको तथा २ सय ४ जना अझ सक्रिय संक्रमित रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# पूर्वसभामुख महरालाई पत्नी शोक

काठमाडौँ, १९ कात्तिक (रासस) ।

पूर्वसभामुख तथा प्रतिनिधिसभा सदस्य कृष्णबहादुर महरालाई पत्नी शोक परेको छ । उहाँकी पत्नी सीताको उपचारका क्रममा बुधबार बिहान थापाथलीस्थित नर्भिक अस्पतालमा निधन भएको हो ।

१० वर्षदेखि माइस्थेनिया रोगबाट पीडित महरालाई पछिल्लो समय श्वासप्रश्वास र निमोनियाको समस्या देखिएपछि यही कात्तिक १४ गते थप उपचारका लागि दाङबाट काठमाडौँ ल्याइएको थियो । दशैँमा पुर्ख्यौली घर रोल्पा मेवाङ गएको बेला स्वास्थ्यमा समस्या देखिएपछि उहाँलाई यही कात्तिक १३ गते दाङमा रहेको गोर्खा अस्पतालमा भर्ना गरिएको थियो ।

उपचारका क्रममा उहाँमा कोरोना पुष्टि भएको पारिवारिक स्रोतले जनाएको छ । पूर्वसभामुख पत्नी महरा ५९ वर्षको हुनुहुन्थ्यो । उहाँको पूर्वसभामुख महरासँग २०३५ सालमा विवाह भएको थियो । उहाँको दुई छोरा र दुई छोरी हुनुहुन्छ ।

# देश संविधान अनुसार नभइ व्यक्तिको इच्छा अनुसार चलाउन खोजिएको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का स्थायी समिति सदस्य मातृका प्रसाद यादवले देश संविधान अनुसार नभइ व्यक्तिको इच्छा अनुसार चलाउन खोजिएको आरोप लगाएका छन् ।

बुधबार एक विज्ञप्ति जारी गर्दै पूर्वमन्त्री समेत रहेका यादवले यस्तो आरोप लगाउँदै सरकारको निर्णय सच्याउन माग गरेका छन् ।

मन्त्रिपरिषद बैठकले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल नलेख्ने निर्णय गर्नु र कानुन मन्त्रालयबाट गत असोज २८ गते "संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल" को स्थानमा "नेपाल" मात्र लेख्नु भनेर मातहतका निकायहरूमा पत्राचार गरिएको भन्दै पूर्वमन्त्री यादवले त्यसको विरोध गरेका छन् ।

उनले विज्ञप्तिमा देश संविधान अनुसार चलाउनुको सट्टा व्यक्तिको इच्छ्या अनुसार चलाउन खोजिएको टिप्पणी पनि गरेका छन् ।

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय ....

# नियम कानुनको पालना गरौं

मौसम परिवर्तनसँगै मानिसहरुको जिवन शैली समेत परिवर्तन हुने गरेको छ। यस पटक लामो गर्मीको मौसम अन्तत्यसँगै चिसो मौसमले आवगमन गर्ने लागेको छ। विगत दुई दिनदेखी चिसोको आवगमन महसुस गरिएको छ। यो एउटा प्रकृतीको नियमित प्रक्रिया हो। जुन पालोपालै १२ महिना सम्म चल्ने गर्दछ। महिनापिच्छै मौसम परिवर्तन सँगै मानिसहरु पनि आफूलाई सोही अनुरुप ढाल्ने गर्दछन्। तर, यस पटक मौसम अर्कै रुपमा परिवर्तित भएको छ।

गत वर्ष चिसो मौसम समाप्त भएलगत्तै फागुन महिनादेखी विश्वव्यापी कोरोना महामारीले आफ्नो फड्को मारेको थियो। र अहिले पनि महामारीले विक्राल रुप लिएको छ। यो अहिले विश्वको सबै देशसहित नेपालमा पनि समुदाय स्तरमा फैलिसकेको छ। नेपालमा डेढ लाख बढी व्यक्ति यसबाट प्रत्यक्ष प्रभावित रहेका छन् भने कयौं अप्रत्यक्ष रुपमा प्रभावित भए। यो महामारी बिरुद्ध हालसम्म कुनै पनि औषधी निर्माण भइसकेको छैन्। यस्तो अवस्थामा मानिसहरुले महामारीबाट बच्न आफ्नो जिवनशैली नै परिवर्तन गरिसकेका छन्। मुखमा मास्कको प्रयोग तथा मिनेट मिनेटमै हातधुने बानी बसाल्नुका साथै सामाजिक दुरी कायम गर्दै जिवनशैली बदलिएका छन्।

संसारमा कुनै पनि व्यक्तिको आगमन भएसँगै उसले प्रकृतीको नियम पनि पालना गर्नु आवश्यक हुन्छ। हामी मानिसहरु प्रकृतीसँगै राज्यले बनाएको कानुनलाई समेत पालना गर्न सके त्यो एउटा अनुशासनको नमूना हुनजान्छ। तसर्थ अहिलेको परिस्थितमा राज्यले तोकेको विभिन्न नियम कानुनलाई पालना गरि एउटा असल व्यक्तिको परिचय दिन सक्नु पर्दछ। अनिमात्र राज्यले बनाएको कानुन व्यवस्थाको कदर हुनजान्छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# चतराको सप्तकोशी पुलः आन्तरिक पर्यटन र आयआर्जनको माध्यम

धरान, १९ कात्तिक (रासस)।

पूर्वी नेपालसँगको सडक सञ्जाल जोड्ने वैकल्पिक मार्गको रूपमा रहेको चतरास्थित सप्तकोशीमा आधुनिक पुल निर्माण भएपछि पूर्वी पहाडी जिल्ला तथा आसपासका स्थानीयवासीलाई यातयातमा सहज त भएकै छ, यो आन्तरिक पर्यटकहरूको गन्तव्य पनि बन्न थालेको छ।

सप्तकोसी नदीमा पुल निर्माण भएपछि यहाँ आन्तरिक पर्यटकहरू बढेका हुन्। कोशी पुल हेर्नकै लागि धरान, विराटनगर, इटहरीलगायत स्थानबाट पर्यटकहरू आउने गरेका छन्। आन्तरिक पर्यटकको चहलपहल बढेपछि कोशी पुलको पारी बेलका नगरपालिका-७ मा स्तरीय होटलसमेत सञ्चालनमा आएका छन्। स्थानीय शरद कोइरालाका अनुसार हाल यहाँ आधा दर्जन होटलले सेवा दिइरहेका छन्। दैनिक करिब ५०/६० जना पर्यटक पुलसम्म आएर फर्किन्छन् र यो क्रम प्रतिदिन बढ्दै गएको उहाँले बताउनुभयो।

आफ्नो काममा पूर्व पश्चिम हिँड्नेहरू पनि पुल वारिपारी सवारी रोकेर तस्बीर खिच्ने र एकैछिन् मनोरञ्जान लिने गर्छन् भने केहीले पुललाई गन्तव्यका रूपमा सवारी रोकेर खाना, खाजा खाने गरेका उहाँले बताउनुभयो। कोरोना महामारीका कारण सुनसान रहेको कोशी पुल यसपालीको दशैँमा भने भरिभराउ भएको छ। सुनसरी र उदयपुर जिल्लालाई जोड्ने चतराको कोशी पुलमा दशैँको नवमीदेखि फोटो खिच्ने र घुम्ने मानिसको भीड लागेको स्थानीयवासी कालुराम राईले बताउनुभयो।

पूर्व-पश्चिम यात्रा गर्नेदेखि लिएर कोशी पुल घुम्नैका लागि आउने मान्छेको जमात बढेको उहाँले बताउनुभयो। टीकाको दिन पुलमा साथीभाइ, परिवारसँग घुम्न जानेहरू थुप्रै थिए। कोशी पुलमा सेल्फी खिच्नेहरू, पुलमा उभिएर गफिनेहरू र कोशी नदीलाई नियाल्नेहरूको सङ्ख्या उल्लेख्य रहेको थियो। "टीकाको दिनदेखि पूर्णिमासम्म नै यहाँ पुलभरि मान्छेको भिड लागेको थियो। यहाँ आएर मानिसले भौतिक दूरी नै विर्सिएका छन्।"- बेलका नगरपालिका-४ का शरद कोइरालाले भन्नुभयो-"प्राकृतिक दृश्यालोकन गर्न र कोशी नदीमा सञ्चालित जेटबोट चलेको हेर्नेको निकै ठूलो भिड लाग्यो।" उक्त पुल पाँच वर्षअघि तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले उद्घाटन गर्नुभएको थियो।

एशियाली विकास बैंकको सहयोगमा यो पुल बनेको हो। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले सन् २०१५ अगस्त ३ मा यसको उद्घाटन गर्नुभएको थियो। उदयपुरको मैनामैनी र सुनसरीको बराहक्षेत्र जोड्ने यो पुल सञ्चालनमा आएसँगै हेटौँडाबाट पूर्व क्षेत्रमा जाने वैकल्पिक बाटो पनि खुलेको छ। पुल सञ्चालन भएपछि धरान, चतरा, गाईघाट, कटारी, सिन्धुली तथा हेटौँडा सहजै रूपमा जोडिएका छन्।

यो पुलले मध्यपहाडी राजमार्गलाई पनि जोड्न सहयोग गर्छ। हेटौँडाबाट धरान जोड्ने छोटो बाटो पनि खुलेको छ। हाल यो सडक मदन भण्डारी पूर्व-पश्चिम राजमार्गको रूपमा स्थापित भएको छ। पूर्वबाट राजधानीलगायतका पश्चिम नेपालको यात्रा प्रायः यही बाटो हुँदै मानिसहरू तय गर्दै आएका छन्।

### पुल नहुँदाको पीडा

पुल नबन्दा उदयपुर सुनसरी वारिपारी गर्न बाँसको नाउ बनाएर यहाँका स्थानीयवासीले जोखिमपूर्ण यात्रा गर्दै आएका थिए। रामपुरबाट धरानको दूरी २२ किमी छ। तर उक्त दूरीको शहरमा किनमेल तथा स्वास्थ्य उपचारका लागि आउन रामपुर, फत्तेपुर, कञ्चनपुर, इटहरी हुँदै करिब १४० किमी दूरी पार गरेर यात्रा गर्नुपर्ने बाध्यता थियो। हाल पुल बनेपछि त्यो बाध्यता हटेको छ। पुल बनेपछि स्थानीयवासीहरू एकै छिनमा धरान, विराटनगर पुगेर फर्कने गर्छन्।

### स्तरीय प्रविधिबाट बनेको पुल

करिब रु ७६ करोड ११ लाखको लागतमा यो पुल निर्माण सम्मन्न भएको थियो। यो रकममध्ये एशियाली विकास बैंकको ६० प्रतिशत अनुदान र नेपाल सरकारको बाँकी ४० प्रतिशत लगानी रहेको छ। कालिका कन्स्ट्रक्सन् प्रालिले यो पुलको निर्माण गरेको हो।

दुई सय ६१ दशमलव ३ मिटर लामो यो पुलमा तीन वटा पिलर त्यसमाथि फ्लस राखेर माथिल्लो भागमा पिच गरेर बनाइएको छ। यो उच्च प्रविधिको भएको निर्माण कम्पनीले दाबी गरेको छ। यस्तो प्रविधि कर्लाणी पुल र कोशी पुलमा मात्र प्रयोग भएको उक्त निर्माण कम्पनीले जनाएको छ।

सन् २००८ मा सप्तकोशी नदीमा आएको बाढीले सप्तकोशी ब्यारेजमा असर गरेपछि त्यसको विकल्पको रूपमा एडिबीको सहयोगमा सरकारले यो पुल निर्माण थालेको थियो। सन् २०११ नोभेम्बर १४ बाट शुरु भएको पुलको निर्माण पाँच वर्षमा सम्पन्न भएको थियो।

कालिका कन्स्ट्रक्सनका निर्देशक पदम गुरुङले संसारकैस्तरीय प्रविधि ल्याएर पुल निर्माण गरिएको बताउनुभयो। पुलको सम्भाव्यता अध्ययन झण्डै १३ वर्ष अगाडि गरिएको थियो।

कालिका कन्स्ट्रक्स प्रालिका निर्देशक पदम गुरुङका अनुसार कोशी पुल निर्माण भौगोलिक हिसाबले कठिन थियो। पानीमाथि तीनओटा पिलर निर्माणका लागि पायल फाण्डेशन भएको ८ मिटर चौडाइ र २६२ मिटर लम्बाइको पुल निर्माणका लागि पिलर नै पानी मुनि २० मिटर खनिएको छ। पानीमुनि खन्न क्यानाडाबाट डब्बल रोटरी मेसिन डिआर४० कम्पनीले ल्याएको थियो।

उक्त मेसिनले आफै खन्ने र खनेका स्थानमा पाइप पनि आफैँ लगाउछ। जसका कारण खनेका स्थानमा पानी पर्न पाउँदैन। रु २० करोडमा कम्पनीले सो मेसिन ल्याएको र कोशी नदीको उक्त पुल बनाउन प्रयोग भएपछि अन्य कुनै काममा पनि सो मेसिन प्रयोगमा नआएको पनि निर्देशक गुरुङले बताउनुभयो।

### पूर्व-पश्चिम जोड्ने वैकल्पिक पुल

भारतले सप्तकोशीमा ब्यारेज बनाएको छ। उक्त ब्यारेजको अवधि ५० वर्षको थियो। आयु सकिएको पाँच वर्ष वितिसकेको छ। उक्त पुल कुनै पनि बेला भत्कन सक्ने सम्भावना भएकाले नेपालको पूर्व र पश्चिम जोड्न यही पुल विकल्प हो।

हाल सुनसरीको पकलीस्थित कान्छीचोक, नहडा, चतरा, कोशी पुल, उदयपुरको रामपुर, सप्तरीको फत्तेपुर, कञ्चनपुर निस्किने ५१ किमी अर्को सडक निर्माण भइसकेको छ। यस सडकलाई गाईघाट जोड्ने काम पनि सम्पन्न भएको छ। मदन भण्डारी राजमार्गअन्तर्गत चार लेनको सडक उदयपुरको बेलटार, भिमा हुँदै गाईघाटसम्म सडक निर्माण भइसकेको छ। केही स्थानका खोलामा पुल निर्माण हुन मात्र बाँकी रहेको छ।

पुल निर्माण अघि सुख्खा रहेका उक्त क्षेत्रमा आर्थिक चहलपहल समेत बढेको छ। प्रति बिघाको रु एक लाख पर्ने जग्गा हाल रोपनीको रु पाँच लाखसम्ममा बिक्री भइरहेको स्थानीयवासी रमेश राईले बताउनुभयो। उहाँले यहाँ ब्यापार व्यवसाय पनि फष्टाएको तर यति बेला भने कोरोना महामारीका कारण आर्थिक मन्दि रहेको बताउनुभयो।

### उत्पादन शहरसम्म पुऱ्याउन सहज

पूर्वी पहाडी जिल्लाका कृषि उपजको प्रमुख बजार धरान हो। त्यहीँबाट व्यापारीले ती उत्पादन इटहरी, विराटनगर, काँकडभिट्टा हुँदै भारतका विभिन्न शहरमा बेच्ने गरेका छन्। नगन्य मात्रामा ताजा सागसब्जी भारत निर्यात हुने गरेको छ। उदयपुर, खोटाङ, भोजपुरका उत्पादन धरान लान हाल सजिलो भएको चतराका व्यापारी बताउछन्।

पुल सञ्चालन भएपछि उदयपुरका बेल्टार बसाहलगायत स्थानबाट मात्र आफ्ना उत्पादन सहज रूपमा बेच्न पाएका छन्। "पुल निर्माणले उदयपुरको पूर्वी भेगको चौदण्डी र बेलका नगरपालिकाका स्थानीयवासीलाई ठूलो राहत मिलेको छ"- स्थानीयवासी दीपेन्द्र राईले भन्नुभयो।

### अर्को आकर्षण जेट बोट

बराहक्षेत्र जल यातायात तथा पर्यटन प्रालिले सुनसरीको बराहक्षेत्र-१ चतराबाट भोजपुर, उदयपुर र धनकुटाको सङ्गम सिम्लेसम्म जेट बोट सञ्चालन गर्दै आएको छ। यसले शुरु गरेको चतरामा हाल चार ओटा कम्पनीले सात ओटा सानो ठूलो बोट सञ्चालन गर्दै आएका छन्।

वरुण वाटरवेज, बराहक्षेत्र मरिन एण्ड रिसोर्ट र बराहक्षेत्र जल यातायात तथा पर्यटन सेवा प्रालि गरी चार कम्पनीले साना

*बाँकी तीन पृष्ठमा*


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# कारागारमा कखरा सिक्दै कैदीबन्दी

वीरगञ्ज, १९ कात्तिक (रासस) ।

केही वर्षदेखि कारागारमा बस्दै आएका २० वर्षीय रामसागर गिरी कखरा सिक्दै छन् ।

जवरजस्ती करणी मुद्दामा जेल जीवन बिताइरहेका गिरीले निधारमा चिन्ताको रेखा, गहभरी आँशु र मुटुभित्र पछतोपन लिएर अहिले कखरा सिक्दै आएका छन् । गिरी मात्र होइन, रौतहट कारागारमा रहेका ५६ जना कैदीबन्दीको आपराधिक हात अहिले कारागार भित्र रहेका आधारभूत प्राथमिक विद्यालयमा कखरा सिक्दै आएका हुन् ।

चेतनाको विकास र साक्षर बनाउने उद्देश्यले रौतहटको गौर नगरपालिका-३ मा रहेको सो कारागारभित्र नगरपालिकाले स्थापना गरेको आधारभूत प्राथमिक विद्यालयमा उनीहरू कखरा सिक्दै आफ्नो उज्ज्वल भविष्य कोर्दै छन् । कक्षा एक देखि पाँचसम्म अध्ययन अध्यापन हुने सो विद्यालयमा विभिन्न अपराधमा सजाय भोगिरहेका ५६ जना पुरुष कैदीबन्दी  कखरा सिक्दै आफ्नो उज्ज्वल भविष्य कोरी रहेको कारागार प्रशासनले जनाएको छ । “विद्यालयमा २५ देखि ४० वर्ष उमेर समूहका ५६ जना कैदीबन्दी कखरा सिक्दै आइरहेका छन्”, विद्यालयका प्रधानाध्यापक सुकदेव मिश्रले राससलाई भन्नुभयो, “उनीहरूका लागि नगरापलिकाले नि:शुल्क पुस्तक उपलब्ध गराएको छ भने आवश्यक कापी, कलम कैदीबन्दी आफैंले व्यवस्था गर्नुपर्ने बाध्यता छ ।”

“कुख्यात डाका रत्नाकर महर्षि बाल्मीकि बन्न सक्छ भने हामी पनि पढेलेखेर समाजमा स्थापित हुन सक्छौं”, ज्यान मुद्दामा सजाय भोगिरहेका र कक्षा पाँचमा अध्ययनरत ३५ वर्षीय भगवान दासले भन्नुभयो, “अपराध गरी पछुतो बाहेक केही पनि पाउन नसकेकाले कारागार भित्र केही ज्ञानका कुरा सिकौ भनेर पढन आएका हुँ ।” यसैगरी लागुऔषध कारोवारमा सजाय भोगिरहेका र कक्षा एकमा अध्ययनरत २५ वर्षीय कुमार राई, कक्षा दुईमा अध्ययनरत २५ वर्षीय रघु धामी, कक्षा चारमा अध्ययनरत ३५ वर्षीय रामजी ठाकुरलगायत कैदीबन्दीको पीडा र बेदना करिब करिब उस्तै रहेको छ । उनीहरू एकै स्वरमा भन्छन्, “कानून र समाजको नजरमा हामी दोषी भयौं, तर स्थानीय सरकारले हाम्रो पढाइको व्यवस्था कारागार भित्रै गरिदिएर हामीलाई पनि सुध्रिने मौका दिएको छ ।”

बिसं १९९० मा निर्माण भएको सो कारागारमा अहिले क्षमताभन्दा तेब्बर कैदीबन्दी रहेका छन । एक सय २० जना कैदीबन्दी अटाउने क्षमता भएको सो कारागारमा अहिले १५ महिलासहित ३४९ जना कैदीबन्दी रहेका छन् । कोठाको अभावका कारण एउटै कोठामा १८ जनासम्म कैदीबन्दी राख्नुपर्ने बाध्यता रहेको जेलर शम्भु यादवले बताउनुभयो । उहाँले भन्नुभयो, “कारागार भित्रका संरचनाहरू पुरानो र जीर्ण भएकाले वर्षायाममा चुहिएर कैदीबन्दीलाई समस्या हुने गरेको छ ।”

दश कठ्ठा १० धुर क्षेत्रफलमा फैलिएको सो कारागारमा विशेष गरेर कर्तब्य ज्यान, जबरजस्ती करणी, लागुऔषध मुद्दाका कैदीबन्दीहरू रहेका छन् । महिला तथा पुरुष कैदीबन्दी बस्ने कोठा छुट्टा छुट्टै रहेपनि कार्यालय भवन जीर्ण भएकाले कार्यालय सञ्चालनमा समस्या हुने गरेको उल्लेख गर्दै जेलर यादवले कोठाको अभाव र जीर्ण संरचनाका कारण कुनैपनि बेला कारागार भत्किन सक्ने अवस्था पुगेको बताउनुभयो ।

उहाँका अनुसार कैदीबन्दीको सुरक्षाका लागि कारागार परिसरभित्र १२ वटा सिसिटिभी क्यामरा जडान भएको छ भने उनीहरूलाई दैनिक उपभोग्य वस्तु खरिद गर्नका लागि कारागार भित्रै सस्तो पसल सञ्चालनमा रहेको छ । कैदीबन्दीलाई भेटन आउने आफन्तलाई कोरोना सङ्क्रमणलाई ध्यानमा राखेर सेनिटाइजर, मास्क र साबुनपानीको व्यवस्था गरिएको छ । पुरानो तथा जीर्ण भौतिक संरचनाका कारण कारागारभित्र र बाहिर पनि सुरक्षा चुनौती कायमै रहेको कारागार प्रशासनको भनाइ छ ।

## *चतराको सप्तकोशी ...*

ठूला गरेर सात ओटा जेट बोटबाट कोशी पुलदेखि बराहक्षेत्र हुँदै भोजपुर, धनकुटाको त्रिवेणीघाट र सिम्लेसम्म सेवा दिँदै आएका हुन् । अठार जनादेखि ६० जनासम्म अट्ने बोट सप्तकोशीमा सञ्चालन हुँदै आएका छन् । उक्त बोट चढ्न पनि कोशीपुलमा आन्तरिक पर्यटक पुग्ने गर्छन् ।

धरानबाट २५ मिनेटमा पुगिने चतराबाट १० किलोमिटर हाराहारीको सिम्ले पुग्न पाँच मिनेट लाग्छ । सिम्लेबाट भोजपुरको घोडेटार क्षेत्र एक घण्टामा पुगिन्छ । सडक यात्रा गर्दा भने घोडेटार पुग्न दिनभरी नै समय खर्चनुपर्ने हुन्छ । सिम्लेबाट धनकुटा सदरमुकाम हुँदै भेडेटार हुँदै आउँदा सात घण्टा लाग्नेमा अब जेट बोटबाट चतरा आएर सिधैं दुई घण्टामा यात्रा गर्न सकिन्छ ।

सप्तकोशी नदी हुँदै जल यातायात गर्न बराहक्षेत्र जल यातायात तथा पर्यटन प्रालिले नयाँ वर्ष २०७५ बाट व्यावसायिक रूपमा ३० सिटे जेट बोट सञ्चालनमा ल्याएको हो । यसले उदयपुर, भोजपुर र खोटाङको सिमाना रानीटारसम्म बोट सञ्चालनका लागि सरकारबाट अनुमति पाएको छ । रानीटारसम्म पुग्न चतरा, रामपुर, बसाहा, चौदण्डीगढी हुँदै रानीटार पुग्न सडक यातायातबाट छ घण्टा लाग्छ । भोजपुर सदरमुकामबाट रानीटारसम्म झर्न नौ घण्टा समय लाग्छ । चतराबाट बोटबाट ३० मिनेटमै पुग्न सकिने बराहक्षेत्र जल यातायात तथा पर्यटन प्रालिका सञ्चालक विमलमान श्रेष्ठले बताउनुभयो ।

# सडकका मजदूरलाई खाना खुवाउने क्रम जारी

काठमाडौँ, १९ कात्तिक (रासस) ।

काठमाडौँको सडकका असङ्गठित क्षेत्रका मजदूरलाई खाना खुवाउने अभियान अहिले पनि जारी रहेको छ ।

बन्दाबन्दीको समयदेखि नै शुरु भएको उक्त अभियान अझै छठसम्म लैजाने योजना अभियानकर्मीको छ । काठमाडौँ महानगरपालिकाले वैकल्पिक व्यवस्था गर्ने भन्दै यसरी खाना नखुवाउन गरेको आग्रहलाई बेवास्ता गर्दै युवाले बुधबार पनि उक्त अभियान जारी राखेको अभियान सञ्चालन गर्ने हाम्रो टिम नेपालका संयोजक विमल पन्तले जानकारी दिनुभयो ।

“विगत केही दिनदेखि हामीलाई महानगरले खाना नखुवाउन भनिरहेको छ, तर यसरी महिनौँदेखि सञ्चालन भएको अभियानलाई चाडबाडको बीचमै हामी छाड्न सक्दैनौँ”, पन्तले भन्नुभयो, “होइन भने महानगरले नै उनीहरूलाई खाना खुवाओस् ।”

सोही विषयमा बुधबार महानगरले छलफलका लागि बोलाएको पन्तले राससलाई जानकारी दिनुभयो । बुधबार बिहान पनि खुवाएको र साँझ पनि खाना खुवाउने क्रम जारी रहने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार झण्डै एक हजार व्यक्तिले काठमाडौँको रत्नपार्कलगायत क्षेत्रमा आएर खाना खाने गरेका छन् ।

विगतमा बन्दाबन्दीका बेला धेरै भए पनि अहिले भने सङ्ख्या कम रहेको हाम्रो टिम नेपालका सदस्य उमेश बोहराले बताउनुभयो । कतिपय अवस्थामा वास्तविक मजदूरभन्दा अन्य व्यक्तिले समेत खाना खाने गरेको बताइन्छ । विभिन्न संस्था आएर जतिखेर पनि खुवाउने गरेकाले पनि महानगरपालिकाले चासो दिएको बताउँदै बोहराले अभियानलाई अझै व्यवस्थित बनाएर लैजाने बताउनुभयो । त्यसमा महानगर र प्रहरी सबैले सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

कोभिड-१९ को सङ्क्रमण रोक्न सरकारले गत चैत ११ गतेबाट मुलुकमा बन्दाबन्दी घोषणा गरेको थियो । त्यसको तीन दिनपछि १४ गतेबाट ‘हाम्रो टिम नेपाल’ र ‘हन्ड्रेस् ग्रुप्स नेपाल’ले सुरु गरेको अभियान अहिलेसम्म जारी छ । यसअघि अन्य विभिन्न संस्थाले समेत उक्त अभियान चलाए पनि यो समूहले भने नियमित गर्दै आएको छ ।

एकजना मजदूर पम्फा थापाले खाना खुवाउने अभियानलाई महानगरले रोक्न लागेको कुरा सुनेकाले त्यस्तो नगर्न अनुरोध गर्नुभयो । “हामी रोगले भन्दा भोकले मर्ने अवस्था छ, त्यसैले यो कामलाई नरोक्नुहोस्”, उहाँले भन्नुभयो ।

उक्त समूहले कतिपय अस्पताललगायत विभिन्न क्षेत्रमा रहेका गरिब परिवारलाई समेत खाना वितरण गर्दै आएको छ । यसअघि काठमाडौँ, ललितपुर र भक्तपुर क्षेत्रमा मेस चलाएर खाना खुवाउने अभियान थालिएको थियो ।

मानवसेवा आश्रमले भक्तपुरका मजदूरलाई बन्दाबन्दीको समयमा खाना खुवाएको थियो । उक्त कार्यक्रम रोक्ने सरकारको निर्णयपछि विभिन्न क्षेत्रमा रोकिएको अभियान रत्नपार्क क्षेत्रमा भने जारी छ ।

## *देश संविधान ...*

सरकारको उक्त कदमलाई संविधानविरोधी भन्दै उनले विज्ञप्तिमा भनेका छन्, ’यसको भर्त्सना गर्दै महान् शाहिदहरूको सपना, क्रान्तिकारी पार्टीहरूको प्रतिवद्धता र उत्पीडित वर्ग तथा जनसमुदायको चाहना अनुसार स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पक्षमा उभिन सवै परिवतनकारीहरूसंग हार्दिक अपिल गर्दै यस्ता असंवैधानिक निर्णय तुरुन्त सच्याउन सरकारसंग माग गर्दछु ।’


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# अमेरिकामा ट्रम्पविरुद्ध प्रदर्शन, तीन जना पक्राउ

वासिङ्टन, १९ कात्तिक (रासस/एएनआई) ।

राष्ट्रपतीय निर्वाचनको मतगणना चलिरहेका बेला अमेरिकाका विभिन्न ठाउँमा विरोध प्रदर्शन भएका छन् । ती मध्ये वासिङ्टनमा राष्ट्रपति डोनाल्ड ट्रम्पका विरुद्धमा प्रदर्शन गरेका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरुसँगै अरु सयौँले प्रदर्शन गरेका थिए ।

शान्तिपूर्ण प्रदर्शन गरेकाहरुलाई पनि प्रहरीले पक्राउ गरेको भन्दै अधिकारवादी, उदारवादी तथा प्रदर्शनका समर्थकहरुले आपत्ति जनाएका छन् । उनीहरुले प्रदर्शन गर्दा सडक समेत अवरुद्ध भएको थियो । प्रदर्शनकारीहरुले हामी न्याय पाउदैनौँ भने उनीहरुले शान्ति पाउँदैनन् भन्ने नारा लगाएका थिए ।

# टर्की भूकम्प पीडितको खोजी अन्तिम चरणमा, मर्नेको संख्या ११६ पुग्यो

अङ्कारा, १९ कात्तिक (रासस-एपी) ।

एजिएन समुद्री क्षेत्रमा गत साता गएको विनाशकारी भूकम्पबाट मृत्यु हुनेको सङ्ख्या बुधबारसम्ममा ११६ जना पुगेको टर्कीका उद्धारकर्मीहरुले बताएका छन् । टर्कीका अधिकारीहरुले एजमिर शहरका भत्किएका भवनमा खोज तथा उद्धार कार्य अन्तिम चरणमा पुगेको जनाएका छन् । टर्कीको तेस्रो ठूलो शहर एजमिरमा पीडित दुई जना मारिएका थिए । ग्रीकेली द्वीप सामोसमा दुई किशोरको मृत्यु भएको थियो ।

टर्कीको विपद तथा आपतकालीन व्यवस्थापन निकायले एजमिरमा १७ मध्ये १५ वटा ठूला भवन नराम्रोसँग भत्किएका र तिनीहरुमा खोज तथा उद्धार कार्य सकिएको जनाएको छ । उक्त निकायले एक हजार ३५ जना घाइते भएका र १३७ जना अझै अस्पतालमा उपचार गराइरहेको बताएको छ ।

मङ्गलबार साँझ बसेको मन्त्रिपरिषदको बैठकपछि राष्ट्रपति रिसेप तायिप एर्डोगानले अन्तिम क्षणसम्म खोजी र उद्धार कार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उद्धारकर्ताहरुले भूकम्प गएको ९० घण्टापछि भत्किएको घरबाट एक जना ३ वर्षीया बालिकालाई जीवित्तै उद्धार गर्न सफल भएका थिए ।

अमेरिकी भौगर्भिक सर्भेले भूकम्प ७.० म्याग्नीच्यूडको गएको जनाएको छ । उक्त भूकम्पको धक्का राजधानी इस्तानबुल र ग्रीसको राजधानी एथेन्ससमेत पश्चिम टर्कीको ठूलो क्षेत्रमा अनुभव गरिएको थियो । गत शुक्रबारको पहिलो भूकम्प पश्चात एक हजार ७०० भन्दा बढी पटक परकम्प गइसकेका छन् । तीमध्ये ४ रेक्टरभन्दा ठूला ४५ पटक परकम्प गइसकेका छन् ।

# इथियोपियामा युद्धको खतरा बढ्यो, प्रधानमन्त्रीद्वारा सेना परिचालनको आदेश

आदिस अबाबा, १९ कात्तिक (रासस-एपी) ।

अफ्रिकी मुलुक इथियोपियाका प्रधानमन्त्री अबिय अहमदले बुधबार एउटा प्रादेशिक क्षेत्रमा शान्ति भङ्ग भएको भन्दै कारवाही गर्न सङ्घीय सेनालाई आदेश दिनुभएको छ । टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (टिपिएलएफ) ले गतराति प्रादेशिक राजधानीको एउटा सैनिक अखडामा आक्रमण गरेको प्रधानमन्त्रीको कार्यालयद्वारा जारी वक्तव्यमा उल्लेख छ ।

सेना परिचालनले अफ्रिकाकै सबैभन्दा बढी जनसङ्ख्या रहेका तथा शक्तिशाली मुलुकमध्ये एक इथियोपियामा फेरि युद्ध शुरु हुने खतरा बढेको छ । टेलिभिजनबाट राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री अबियले उत्तरी टिग्रे प्रदेशको राजधानी मिकेले र दान्सा शहरमा विद्रोही समूहले गरेका आक्रमणमा धेरै सैनिकले शाहदात प्राप्त गरेको बताउनु भएको छ ।

प्रधानमन्त्री अबियले छिमेकीमुलुक इरिट्रिआसँग जोडिएको इथियोपियाको संवेदनशील क्षेत्रमा सक्रिय विद्रोहीको अन्त्य अवश्यम्भाबी रहेको पनि बताउनुभयो । इरिट्रिआसँग लामो सीमा सङ्घर्ष पश्चात् सन् २०१८ मा दुबै देशबीच शान्ति सम्झौता भएको थियो । टिपिएलएफले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन । प्रधानमन्त्रीको घोषणासँगै टिग्रे क्षेत्रका सबै इन्टरनेट र टेलिफोनलाइन काटिएका छन् । टिग्रे टिभिका अनुसार टिग्रे क्षेत्रमाथिको आकाश हवाई उडानका लागि निषेध गरिएको छ ।

यहीबीच इथियोपियासँग इजिप्टको इथियोपियाली बाँध परियोजनालाई लिएर विवाद बढ्दै गएको छ । इथियोपियाले पछिल्लो समय कोरोनाभाइरस महामारी, घातक जातीय हिंसा र सलहको प्रकोपजस्ता समस्यासँग एकैसाथ जुध्नु परिरहेको छ । कतिपयको भनाईमा अबियको शासनको खास परीक्षण अब हुँदैछ ।

टिग्रेका अधिकारीहरुले गत अगष्टका लागि तोकिएको इथियोपियाको राष्ट्रिय आमनिर्वाचन स्थगित गरेकामा आपत्ति जनाएका छन् । कोरोनाभाइरस महामारी अझ फैलिने खतरा औंल्याउँदै प्रधानमन्त्री अबियले निर्वाचन स्थगित गर्नु भएको थियो । गत आइतबार विद्रोही समूह टिपिएलएफका एक जना वरिष्ट अधिकारी गाटाचिउ रेडाले आफूहरु संघीय सरकारसँग तत्काल वार्ता गर्न इच्छुक नरहेको बताउनु भएको थियो । उहाँले अहिलेको अवस्थामा राष्ट्रिय संवाद जरुरी भएको बताउनु भएको छ ।

# त्रिविको परीक्षा विद्यार्थीले पायकपर्ने ठाउँबाट दिन पाउने

काठमाडौँ, १९ कात्तिक (रासस) ।

त्रिभुवन विश्वविद्यालयले विद्यार्थीलाई पायकपर्ने परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था गरेको छ । बन्दाबन्दी (लकडाउन)को बेला हुन नसकेका परीक्षा त्रिविले विद्यार्थीलाई आफ्नो पायकपर्ने परीक्षा केन्द्रबाट दिने व्यवस्था मिलाएको हो । विद्यार्थी जहाँ छन् त्यहीँ नजिकको त्रिविले तोकेको परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था मिलाएपछि अब धेरै विद्यार्थीलाई काठमाडौँ आउनुपर्ने छैन । त्रिविको रजिष्ट्रार डा पेशल दाहालले कोभिड-१९ को कारणले विद्यार्थीलाई सहज बनाउन आफूले पायकपर्ने परीक्षा केन्द्रबाट परीक्षा दिन पाउने व्यवस्था गरिएको बताउनुभयो ।

यसका लागि त्रिविले अनलाइन फारामबाट तोकिएको परीक्षा केन्द्र रोज्न भनेको छ । परीक्षा नियन्त्रण कार्यालय बल्खुको वेवसाइटमा गएर विद्यार्थीले आफूलाई पायकपर्ने ठाउँमा रहेको त्रिविले तोकेको परीक्षा केन्द्र रोज्न पाउने छन् । सोही परीक्षा केन्द्रबाट परीक्षा दिने छन् । त्रिविले यही मङ्सिर दोस्रो हप्ताबाट स्थगित भएका सबै तहको परीक्षा गर्ने तयारी गरेको छ । “हामीले परीक्षा केन्द्र तोकेका छौँ । अनलाइनमा आफूलाई नजिक पर्ने परीक्षा केन्द्र रोजेर परीक्षार्थीले परीक्षा दिने व्यवस्था गरेका छौँ,” उहाँले भन्नुभयो, “परीक्षा दिनका लागि अब काठमाडौँ आउनुपर्दैन । आफूलाई पायकपर्ने ठाउँबाट परीक्षा दिन पाउने छन् ।”

उहाँले प्रवेशपत्र पनि अनलाइनबाट आफैँ विद्यार्थीले प्रिन्ट गरेर लिनेसक्ने व्यवस्था गरिएको बताउनुभयो । कोभिड-१९ को कारणले गत चैत ७ गतेदेखि त्रिवि अन्तर्गतका सबै परीक्षा स्थगित भएका थियो । अत्यन्तै न्यून भएका परीक्षा भने त्रिविले अहिले पनि भौतिक दूरी कायम राखेर सञ्चालन गरिरहेको छ । रजिष्ट्रार डा दाहालले एक दुई दिनभित्रमा सबै परीक्षाको कार्यतालिका प्रकाशन गरिने बताउनुभयो । त्रिविको वार्षिक परीक्षा पनिका र सेमेष्टर परीक्षा डीन कार्यालयले लिने छन् ।

# लागुऔषधसहित पाँच जना पक्राउ

इनरुवा, १९ कात्तिक (रासस) ।

जिल्ला प्रहरी कार्यालय सुनसरीले जिल्लाको विभिन्न स्थानबाट लागुऔषधसहित पाँच जनालाई नियन्त्रणमा लिएर मङ्गलबार सार्वजनिक गरिएको छ । पक्राउ पर्नेमा सुनसरीको कोशी गाउँपालिका-१ लौकहीका १९ वर्षीय मनिष यादव, भारत सुपौल बनेलीपट्टी-७ का १९ वर्षीय सुरेशकुमार गुप्ता, कोशी गाउँपालिका १९ वर्षीय महेशकुमार मेहता, भोक्राहा नरसिंह गाउँपालिका-१ का सञ्जीव उराव र रामधुनी नगरपालिका-३ भुम्काका नफिल मियाँ रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले बताउनुभयो ।

सुनसरी प्रहरीले शुरु गरेको लागुऔषधविरुद्धको अभियानअन्तर्गत भारतीय बजारबाट नेपाली बजारतर्फ लागुऔषध लिएर आइरहेको गोप्य सूचनाका अधारमा उनीहरूलाई पक्राउ गरिएको सुनसरीका प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिनुभयो । यादव, गुप्ता र मेहतालाई सुनसरीको कोशी गाउँपालिका-१ लौकहीस्थित राजापोखरीबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाको साथबाट डाइलक्स डिसी १०० एमएलको ४७ बोतल बरामद गरिएको प्रहरीले जनाएको छ । उराव र मेहतालाई इनरुवा-४ बाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । पक्राउ परेका उराव र मियाँको साथबाट प्रहरीले नाइट्रिसन १० लेखिएको लागुऔषध जम्मा आठवटा बरामद गरिएको प्रहरीले जनाएको छ । इनरुवा-४ स्थित बसचोकमा शङ्कास्पद अवस्थामा आउँदै गरेको देखी जाँच गर्ने क्रममा लगुऔषध बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेकालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरी लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिमको कानूनी प्रक्रिया बढाइएको सुनसरीका प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो ।

# भुक्तानी दाबी गरेका बिमितलाई एक हप्ताभित्र रकम दिइने

काठमाडौँ, १९ कात्तिक (रासस) ।

बीमा समितिबाट जारी गरिएको बीमालेखअनुसार कोरोना बीमा दाबी गरेका बिमितहरुको पिसिआर परीक्षण प्रतिवेदन ‘पोजिटिभ’ प्रमाणित भएपछि बीमालेख बमोजिम प्रदान गरिने बीमाङ्क रकम भुक्तानी दाबी गरेका सबै बिमितहरुलाई सम्बन्धित बीमा कम्पनीले एक हप्ताभित्र भुक्तानी दिने भएका छन् ।

अर्थमन्त्री विष्णु पौडेलको उपस्थितिमा अर्थमन्त्रालयमा मंगलबार भएको बैठकले बीमा रकम भुक्तानीसम्बन्धी समन्वय र अनुगमन बीमा समितिले गरी दाबी भुक्तानीको दैनिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने निर्णय गरेको छ ।

कोरोना बीमाको दावी भुक्तानीका सन्दर्भमा सेवाग्राहीबाट आएका गुनासाहरुको सुनुवाई गरी समस्या समाधानका लागि सम्बन्धित बीमा कम्पनीहरुलाई निर्देशन दिन ‘हटलाइन’ टेलिफोनसहितको सहयोग कक्ष (हेल्प डेक्स) सञ्चालन गर्ने व्यवस्था बीमा समितिले तत्काल मिलाउने निर्णय पनि भएको छ । त्यस अवसरमा मन्त्री पौडेलले बिमितहरुले बिमाङ्क रकम दाबी गर्नासाथ अविलम्ब भुक्तानी दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

बैठकमा अर्थ मन्त्रालयका सचिवद्वय शिशिरकुमार ढुङ्गाना, रामशरण पुडासैनी, बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईं, बिमक सङ्घका अध्यक्ष दीपप्रकाश पाण्डेलगायत सहभागी हुनुहुन्थ्यो ।

# हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

**स्व. गुलाबदेवी यादव**

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष तथा जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ मलेठका शेयर सदस्य श्री शम्भु प्रसाद यादव (लाली) की ममतामयी माता श्रीमति **गुलावदेवी यादव**को २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएका छौ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जनज्योती कृषि सहकारी संस्था लिमिटेड परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*